२०८१ जेठ ३० कार्यपालिका बैठक कक्ष बैठक संख्याः १४ २०८०/८१

आज मिति २०८१ जेठ ३० गते बुधबारका दिन सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्व) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

*तपसिलः*

| | | |
|---|---|---|
| | श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| | श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| | श्री रेवत बहादुर बुढाथोकी | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| | श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री शशिधर बुढा | सदस्य, सिंस्ने गाउँ कार्यपालिका |
| | श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

*अन्य उपस्थितिः*

श्री अरुण कुमार ओली — प्रशासन शाखा प्रमुख

श्री करन खड्का — इन्जिनियर

श्री भुपेन्द्र के.सि — रोजगार संयोजक

श्री ओम इमाता — का.से.

२०८१ जेठ ३०　　　　　　　कार्यपालिका बैठक कक्ष　　　　　बैठक संख्याः १४ २०८०/८१

प्रस्तावहरुः

१. गत कार्यपालिकाका निर्णय कार्यान्वयनको समिक्षा ।
२. कार्यालयको सुशासन तथा सेवा प्रवाहको समिक्षा ।
३. लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण प्रतिवेदन।
४. रोजगारीको हक सम्वन्धी नियमावली २०७५ बमोजिम स्थानीय निर्देशक समिति गठन ।
५. रेडियो पूर्वी एफ एम सँग सम्झौता भएको रकम भुक्तानी।
६. सिस्ने गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चाला तथा व्यवस्थापन कार्यविधि,२०८१
७. दोस्रो गाउँसभाको १५ औं अधिवेशनको मिति ।
८. १५ औं अधिवेशनको तयारी तथा विषयगत समिति बैठक ।
९. आर्थिक वर्ष २०८१/०८२ को लागि नीति तथा कार्यक्रम।
१०. मध्यकालिन खर्च संरचना तर्जुमा सम्बन्धी शाखा प्रमुखसँग छलफल ।
११. सहिद परिवारका लागि शेयर खरिद ।
१२. घर अभिलेखिकरण म्याद थप ।
१३. पालिका अस्पताल नायागाडको नक्शा संशोधन ।
१४. धाउने रुकुमकोट सडकको अधिकार क्षेत्र (राइट अफ द वे) भित्रको संरचना हटाउने ।
१५. आयोजना सम्झौता गरी कार्यान्वयन ।

निर्णयहरुः

१. गत कार्यालिकाको बैठकबाट पारित भएका निर्णयहरु प्राय सबै कार्यान्वयन भएको ।
गत महिना जम्मा बसेको बैठक संख्याः ३　　जंम्मा निर्णय संख्याः १७　　कार्यान्वयन भएकाः १५
कार्यान्वयन नभएकाः २, विपन्न विरामीलाइ आर्थिक सहयोग (लाभग्राही लिन नआएको) र कमलदह सौन्दर्यकरण व्यवस्थापन कार्यविधि निर्माण नभएको । छिटो निर्माण गर्न निर्देशन दिने ।

२. वडा कार्यालय र गाउँपालिकाको कार्यालयबाट सेवा प्रवाह सन्तोषजनक रहेको ।
**राम्रो पक्षः** सबै शाखागत कामकाज नियमित भएको ।
कर्मचारीको नियमित बैठक वसी कामको समिक्षा भएको ।
**सुधारका लागि सुझावः** शाखाहरुले पालिकाले निर्माण गरेका ऐन, नियम, कार्यविधि, निर्देशिका अनुसार काम गर्नुपर्ने । ती कानुन समयानुकुल संशोधन तथा परिमार्जनको लागि कार्यपालिकामा सिफारिस गर्नुपर्ने ।उपभोक्ता समिति मार्फत हुने विकास निर्माण कार्यलाई प्रभावकारी बनाउन आवश्यक पहल गर्ने ।

३. सिस्ने गाउँपालिकाको आ व २०७९/८० लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण प्रतिवेदन स्वीकृत गरियो ।

४. रोजगारीको हक सम्वन्धी नियमावली,२०७५ बमोजिम स्थानीय निर्देशक समिति बमोजिम गठन गर्ने ।
तपसिलः

| | | |
|---|---|---|
| कृष्ण रेग्मी | (अध्यक्ष) | अध्यक्ष |
| गोपाल रेउले | (उपाध्यक्ष) | सदस्य |
| बिरेन्द्र बस्नेत | (वडा अध्यक्ष वडा नं ५) | सदस्य |

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

CamScanner

२०८१ जेठ ३० कार्यपालिका बैठक कक्ष बैठक संख्याः १४ २०८०/ ८१

गोपाल पुन (वडा अध्यक्ष वडा नं ८), सदस्य

रेवत बहादुर बुढाथोकी (प्रमुख प्रशासकीय अधिकृत) सदस्य

झपेन्द्र के सी (रोजगार सेवा केन्द्र संयोजक) सदस्य सचिव

५. रेडियो पूर्वी एफ एम सँग पालिकाको कार्यालयले सम्झौता गरेबमोजिमको गाउँपालिका गतिविधि (रकम रु दुइ लाख) र गाउँपालिकाको सूचना प्रसारण गरेबापतको (रकम रु तीन लाख) बजेट शिर्षक *स्थानीय एफएम प्रबर्धन तथा सूचना प्रकाशन कार्यक्रम* बाट रकम भुक्तानी गर्ने।

६. सिस्ने गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१ स्वीकृत गर्ने । एम्बुलेन्स चालकलाई जिल्ला बाहिर जाँदा लाग्ने भाडाको रकमको १५ प्रतिशत रकम खाजा खाना भत्ता उपलब्ध गराउने ।

७. दोस्रो गाउँसभाको १५औं अधिवेशन मिति २०८१ असार ७ गते दिउँसो १२:१५ बजे आह्वान गर्ने ।

८. १५ औं अधिवेशनको तयारीको लागि कार्यपालिकाको आगामी बैठक मिति २०८१ असार ६ र ९ गते बस्ने र विषयगत समिति र सभाका समितिहरुको बैठक आवश्यकता अनुसार बैठक बसी असार ५ गते भित्र विषयगत समितिले कार्यपालिकामा असार ७ गते सभाका समितिले सभामा प्रतिवेदन पेश गर्ने ।

९. आर्थिक वर्ष २०८१/०८२ को लागि नीति तथा कार्यक्रममा देहायका विषयलाई प्राथमिकता दिने ।

क) आर्थिक विकास तथा गरिबी निबारणमा प्रत्यक्ष योगदान पुग्ने

ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने

ग) जनताको जीवनस्तर आम्दानी र रोजगार बढ्ने

घ) स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने

ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने

च) महिला बालबालिका तथा पिछडिएका वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने

छ) लैंगिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने

ज) दीगो विकास वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने

झ) भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुर्याउने ।

१०. मध्यकालिन खर्च संरचना तर्जुमा सम्बन्धी शाखा प्रमुखसँग मिति २०८१ असार ४ र ५ गते छलफल गरी मध्यकालिन खर्च संरचना लाई अन्तिम रुप दिने ।

११. पालिकामा सूचिकृत भएका सहिद परिवारका लागि रुक्मेनी बचत तथा ऋण सहकारी संस्थाको शेयर खरिद गरीदिने ।

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

CamScanner

२०८१ जेठ ३०

कार्यपालिका बैठक कक्ष बैठक संख्याः १४ २०८०/ ८१

१२. घर अभिलेखिकरण कार्यविधि संशोधन गरी घर नक्शा अभिलेखिकरणको लागि मिति २०८१ श्रावण १५ सम्म म्याद थप्ने ।

१३. पालिका अस्पताल नायागाडको भवन निर्माण गर्न पर्याप्त जग्गा अभावका कारण नक्शा संशोधन गरी भवनको ०.५० मिटर चौडाइ घटाउने ।

१४. लुम्बिनी प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय यातायात पूर्वाधार निर्देशनालय सडक पूर्वाधार विकास कार्यालय रुकुम पूर्व को च.नं. ४९० मितिः २०८१/०२/२५ को पत्र अनुसार धाउने – रुकुमकोट सडकमा सो सडकको अधिकार क्षेत्रभित्र सार्वजनिक क्षेत्रमा निर्मित संरचना हटाउने माग भएको र सो सडकको छिप्रिदह पिपलबोट स्थित सार्वजनिक जग्गामा निर्मित दुइतले भवन हटाउन यस अगाडि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४५ को उपदफा ३ को अधिकार प्रयोग गरी वडा कार्यालय वडा नं ६ र गाउँपालिकाले सो भवन हटाउन जारी भएको सूचना कार्यान्वयन गर्ने । सो भवनमा सञ्चालित सहकारीको कारोबारलाई तत्काल व्यवस्थापन गर्न कृषि उपज संकलन केन्द्र, वडा नं ६, छिप्रीदह भवन उपलब्ध गराउने ।

१५. स्रोत सुनिश्चित भएका लागत बढीमा रु दुइ लाखसम्म भएका असार १२ गते सम्म कार्यसम्पन्न हुने प्रकारका अति आवश्यक आयोजनाहरु यही असार ४ गते भित्र सम्झौता गरी कार्यान्वयन गर्ने ।

निर्णय प्रमाणित
२०८१/२/३०

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत